आज मिति २०८१ साल पौष २१ गते आइबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८१/०८२ को छैठौं बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री गौतम भण्डारी - प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

अन्य उपस्थितिः

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री अमृता बस्नेत (वरिष्ठ प्रशासन सहायक)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)
२८. श्री मधुविलास बढु, प्र.क.अ.

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०९/२१ गते बसेको आ.व.२०८१/०८२ को छैठौं बैठकका निर्णयहरुः

निर्णय नं.१ भानु नगरकार्यपालिकाको मिति २०८१/०८/२६ गते बसेको आ.व. २०८१/०८२ को पाँचौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ९ वटा निर्णयहरु भएकोमा ७ वटा निर्णय कार्यान्वयन भएको र निर्णय नं. २ र ४ मात्र कार्यान्वयनको चरणमा रहेको पाइयो ।

निर्णय नं.२ भानु नगरपालिकाको पन्ध्रौं नगर सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिलः

- मितिः २०८१/०९/२८ गते
- समयः बिहान ठिक ११:०० बजे
- स्थानः भानु नगरपालिकाको सभाहल, फुस्रेटार ।

निर्णय नं.३ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि (संशोधन सहित) २०७७ बमोजिम स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा पौष मसान्त भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था भए बमोजिम आ.व २०८०/०८१ को भानु नगरपालिकाको स्वमूल्याङ्कन सम्बन्धमा छलफल गरियो र आ.व २०८०/०८१ को स्वमूल्याङ्कनको अन्तिम नतिजा सहितको विवरण आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.४ स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि २०७७ बमोजिम स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजा पौष मसान्त भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था भए बमोजिम आ.व २०८०/०८१ को भानु नगरपालिकाको वित्तीय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धमा छलफल गरियो र आ.व २०८०/०८१ को वित्तीय सुशासन जोखिम मूल्याङ्कनको अन्तिम नतिजा सहितको विवरण आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं.५ भानु नगरपालिकाको विनियोजन ऐन, २०८१ मा समावेश भएका योजना तथा कार्यक्रमहरु फेरबदल, संशोधन, रकमान्तर गर्नुपर्ने आवश्यकता भएमा मिति २०८१/०९/२५ गते भित्र वडा समितिको निर्णय सहित नगर कार्यपालिकामा पेश गर्नका लागि नगरकार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।



भण्डारी

आनन्द राज त्रिपाठी

**निर्णय नं.६** विविध विषय सम्बन्धमा ।

क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र संख्या २०८१/८२, च.नं.१८, मिति २०८१/०९/१८ गतेको पत्रानुसार गण्डकी प्रदेश बाहेकका अन्य प्रदेशमा नियुक्ति लिई गण्डकी प्रदेशमा कामकाज गर्न खटाइएका कर्मचारीहरुलाई तहवृद्धि/दरबन्दि कायम गर्न नमिल्ने र कुनै कर्मचारीको तहवृद्धि भएको भए सो तहवृद्धि/तह कायम बदर गरी निजले सो अवधिमा खाइपाई आएको तलबभत्ता सरकारी बाँकी असुल उपर गरी स्थानीय सञ्चित कोषमा आम्दानी बाँधी सोको जानकारी यथाशिघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशमा दिने सुझाव कार्यान्वयन गर्ने निर्देशन सम्बन्धमा मदेश प्रदेशबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको माननीय मन्त्रिस्तरको मिति २०७९/०५/२० गतेको निर्णयका आधारमा यस कार्यालयमा कामकाज गर्न खटिइ आउनु भएका अधिकृत छैठौं श्री युवराज ज्ञवालीको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०७९ बमोजिम नगरकार्यपालिकाको मिति २०७९/०८/०५ को निर्णयका आधारमा अध्यादेशको दफा ९ को उपदफा (१) बमोजिम २०७९।०६।०७ देखि जेष्ठता कायम हुने गरी सातौं तह कायम गरिएकोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र संख्या २०८१/८२, च.नं.१८, मिति २०८१/०९/१८ को सुझाव कार्यान्वयन गर्ने निर्देशन बमोजिम निज युवराज ज्ञवालीको सातौं तह कायम बदर गर्ने निर्णय गरियो ।

ख) भानु नगरपालिकाका सरसफाइ सम्बन्धी सवारी चालक सुसे सार्कीका छोराको सवारी दुर्घटनामा परि मेरुदण्ड सहितको अंगहरुमा गम्भीर चोट लागि उपचारको क्रममा निजको आर्थिक स्तर भन्दा बढी खर्च भएको हुदाँ राहत स्वरुप रु.३०,०००। (अक्षेरुपी तीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

शान्द राज त्रिपाठी
प्रमुख